# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (५), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, असार १३ गते २०७८ साल, संख्या ३

## भाग-१

नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०७८

**प्रस्तावना:**

नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुको उचित संरक्षण गरि सोको प्रभावकारी र वैज्ञानिक उपयोगबाट नगरपालिकाको आय समेत वृद्धि गर्ने अभिप्रायले यो सार्वजनिक जग्गा संरक्षण र उपयोग सम्बन्धी ऐन २०७८ तर्जुमा गरिएको छ। नगरपालिकाको महत्वपूर्ण स्रोतको रुपमा रहेको जग्गाको सार्वजनिक उपयोग, संरक्षण र व्यवस्थापन गर्ने विषयलाई समेत यो ऐन मार्गदर्शक बन्नेछ। यस्तो ऐनको अभावमा सार्वजनिक जमिनको अनियन्त्रित र अव्यवस्थित प्रयोग हुनगई नगरपालिकाको आयमा समेत प्रतिकूल असर पर्न सक्ने, अतिक्रमण हुनसक्ने, फोहोर तथा कुरुपभई सहरी सौन्दर्यता निर्माणमा प्रतिकूलता उत्पन्न हुन जाने देखिन्छ। जग्गा संरक्षण तथा उपयोग ऐनका आधारमा नै नगरपालिकाले यस सम्बन्धी योजना तथा कार्यक्रमहरु तर्जुमा एवम् कार्यान्वयन गर्न सहज हुने देखिएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ का १०२ बमोजिम कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो ऐनको नाम "सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०७८" रहेकोछ।

(ख) यो ऐन नगर सभाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा :

(क) "सार्वजनिक जग्गा" भन्नाले नेपाल सरकारको स्वामित्वमा भई हाल स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम नगरपालिकाको रेखदेख र संरक्षण रहेका जग्गाहरु सम्झनु पर्दछ।

(ख) "संरक्षण" भन्नाले नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सार्वजनिक जग्गाहरुको अभिलेख, त्यसमा नगरपालिकाको नियन्त्रण र त्यस्ता जग्गाको उचित संरक्षण र उपयोग समेतलाई जनाउदछ।

(ग) "प्रमुख वा उप-प्रमुख भन्नाले" सूर्योदय नगरपालिकाका प्रमुख र उप–प्रमुखलाई सम्झनपर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्छ।

(ङ) "वडा" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका वडा सम्झनुपर्दछ।

(च) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ। सो शब्दले वडा समेतलाई बुझाउँदछ।

(छ) "स्थानीय तह" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्नेछ।

(ज) "पहिलो पक्ष" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्नेछ।

(झ) "दोस्रो पक्ष" सार्वजनिक जग्गा उपयोगका लागि नगरपालिकासँग सम्झौता गर्ने पक्षलाई सम्झनु पर्नेछ।

**३. सार्वजनिकपर्ति जग्गाको विवरण संकलन गर्ने :**

३.१ नगर क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरी अभिलेख राखिनेछ। उक्त कार्यमा वडा समिति समेत सार्वजनिक जग्गाको संरक्षण र अभिलेख राख्ने कार्यमा जिम्मेवार हुनु पर्नेछ।

**४. सार्वजनिक जग्गा संरक्षण गर्न सकिने क्षेत्रहरू:**

१. यस नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरू ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गा वा सार्वजनिक खर्चमा निर्माण भएर प्रयोगमा आएका वा नआएका सम्पत्तिको संरक्षण गरिनेछ।

२. खुल्ला क्षेत्र, चोक, घाट, पाटी-पौवा,सत्तल,धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरण क्षेत्र, पानीको मुहान, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुँठीघर, बाटो, सडक, पुल-पुलेसा, कुलो नहर, लगन राख्ने, पार्श्वचित्र तयार गरी संरक्षण गरिनेछ। संरक्षित जग्गालाई नगरपालिका आफैं वा निजि क्षेत्रले प्रयोग गर्ने गरी उपभोग गर्न सक्नेछ।

**५. सार्वजनिक जग्गा उपयोग गर्न सकिने क्षेत्रहरू:**

१. जग्गाको स्वरुपमा खासै परिवर्तन नहुने गरी कम्तिमा ५ वर्ष पहिलादेखि सार्वजनिक जग्गाको रुपमा प्रयोग हुँदै आइरहेका जग्गालाई नगरको आय बृद्धि हुने गरी उपयोग गरिनेछ ।

२. नगरपालिकाको समग्र हित हुने खालको अन्य कार्यहरूमा नगरपालिकाभित्र रहेका सार्वजनिक जग्गाहरूको प्रयोग गर्न सकिनेछ ।

३. नेपाल सरकार वा अन्य सरकारी निकायमार्फत निर्माण भएका भौतिक संरचनाहरू तर कार्यान्वयनमा नआएका त्यस्ता संरचनाहरूलाई नगरको हितमा प्रयोग गर्न सकिनेछ ।

४. महत्वपूर्ण धार्मिक पर्यटकीय सार्वजनिक जग्गाको नगरपालिकाले सम्बन्धित निकायसित समन्वय गरी लगत कट्टा गर्न सक्नेछ ।

५. तर, हरियाली वन क्षेत्रमा रहेका सार्वजनिक जग्गामा वातावरणीय असर गर्ने कुनै प्रकारका संरचना बनाउने उद्देश्यले उपयोग गरिने छैन ।

**६. सार्वजनिक जग्गा उपयोग गर्ने प्रकृया**

(१) दफा ३ बमोजिम पहिचानको भएका सार्वजनिक जग्गाहरुलाई देहाय बमोजिम प्रयोगमा ल्याईनेछ ।

क. नगरपालिकालेआफ्नो लगानीमा उक्त जग्गामा संरचना निर्माण एवं सुधार गर्न सक्ने ।

ख. नीजि क्षेत्रलाईअन्य व्यापारिक प्रयोजन नभई पर्यटकिय संरचना निर्माण जस्तैपार्क,उद्यान निर्माण गरी पर्यटकहरुलाई आकृषित गर्ने उद्देश्यका साथै नीजि क्षेत्रबाट प्रस्ताव माग गर्न सकिने।

ग. कुनै पनि सार्वजनिक जग्गामा भौतिक संरचना निर्माण गरी प्रयोगमा नआई त्यस्तो संरचनामा रहेका फर्निचर फिक्चर्स, मेशीनरी औजार जस्ता सामाग्री उपयोग नभई नष्ट हुने देखिएमा त्यस्तो सामाग्री नगरपालिकाको निर्णयानुसार उचित प्रयोगमा ल्याउन सकिनेछ ।

घ. नीजि क्षेत्रलाई उक्त जग्गा प्रदान गरी सो जग्गा उपयोग गर्ने कार्यमा सहजीकरण सिफारिस गर्न देहाय अनुसारको सिफारिस समिति रहनेछ।

सार्वजनिक जग्गा रहेको वडाको वडा अध्यक्ष- संयोजक

कार्यपालिका सदस्य मध्येबाट नगर प्रमुखले तोकेको महिला सहित २ जना- सदस्य

प्राविधिक -सदस्य

योजना अधिकृत- सदस्य सचिव कुनै सार्वजनिक जग्गा १ देखि बढि वडा सम्म फैलिएर रहेको अवस्थामा सवै भन्दा वढी क्षेत्रफल ओगट्ने वडा अध्यक्ष उपरोक्त समितिको संयोजक हुनेछ ।

## ७. सार्वजनिक जग्गा उपयोगमा ल्याउनका लागि आवश्यक प्रकृया

(१) सार्वजनिक जग्गाको उपयोगका निजी क्षेत्रलाई संलग्न गराउनका लागि देहायका प्रकृया पुरा गर्नुपर्नेछ ।

क. नगर सभाबाट सार्वजनिक जग्गा उपयोगमा ल्याउन उपयुक्त भएको ठहर।

ख. सार्वजनिक जग्गाको प्रयोग निश्चित संरचना निर्माण सहितन.पा.को तर्फबाट प्रयोग गरिने हो वा जग्गाको स्वरुप परिवर्तन नहुने गरी निजी क्षेत्रलाई प्रदान गरिने हो सो वार यकिन।

ग. सार्वजनिक जग्गाको उपयोगबाट नगरपालिकालाई हुन सक्ने लाभको विश्लेषण सहित सहजीकरण समितिको सिफारिस।

घ. कार्यपालिकाले आवश्यक छलफल गरी नगर सभामा सिफारिस ।

ङ. नगर कार्यपालिकाबाट प्रस्तावको उपयुक्त भएको ठहर सहित निर्णय।

च. सार्वजनिक जग्गाको संरक्षण र सुधार सहित सामान्य संरचना निर्माण गरी नगरपालिकाले तोकि दिएको शुल्क लगानीकर्ता नीजि क्षेत्रले संकलन गर्न सक्नेछ ।

छ. यसरी संकलन गरिने र कम मध्ये निश्चित रकम वार्षिक रुपमा न.पा.लाई बुझाउनुपर्नेछ।

८. **कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेः(१)**सार्वजनिक जग्गा संरक्षण र उपयोगका सम्बन्धमा कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तिमहुनेछ ।

## ९. सम्झौता पुनरावलोकन गरिने

(१) यस पुनरावलोकनका क्रममा लाभ लागत विश्लेषण गरी सम्झौतामा दुवै पक्षको सहमतीमा आवश्यक बुँदाहरु थप घट गर्न सकिने

(२) उपदफा (१) बमोजिम पुनरावलोकनका लागि सहजीकरण समितिले अध्ययन गरी समसामयिक रुपमा सम्झौतामा गर्नुपर्ने हेरफेरका सम्बन्धमा नगरकार्यपालिका समक्ष सिफारिस गर्ने।

(३) उपदफा (१) बमोजिम बजारको अवस्था विश्लेषण गरि वार्षिक रुपमा बुझाउन सहमति भएको रकमका सन्दर्भमा दुवै पक्ष सहमत भई १० प्रतिशत रकम थप गर्न नगरकार्यपालिकामा सिफारिस गर्न सक्ने ।

## १०.सम्झौताका शर्तहरु उल्लंघन भएमा सम्झौता तोड्न सकिने

१) सार्वजनिक जग्गा उपयोगका लागि भएको सम्झौताका शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ। शर्तहरुको पालना नगरिएको खण्डमा तत्काल सम्झौता रद्द गरि यसबाट भएको हानी नोक्सानी समेत दोस्रो पक्ष सँग असुल उपर गरिनेछ।

## ११.नियमित अनुगमनर प्रतिवेदनहुने:

(१) सम्झौता बमोजिम दोस्रो पक्षबाट हुने कारवाहीका काम सम्बन्धमा नगरपालिकाका तर्फबाट नियमित अनुगमन गरिनेछ।

(२) दोस्रो पक्षले प्रत्येक वर्ष भए गरेका,कामहरु प्राप्त उपलब्धी एवं आई परेका समस्या र समाधानको उपाय सहितको प्रतिवेदन शाखाबाट नगरपालिकामा पेश गर्नुपर्नेछ।

# सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन, २०७८

**प्रस्तावना :** उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गरी उपभोग्य वस्तु वा सेवाको गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गर्न, एकाधिकार एवं अनुचित व्यापारिक क्रियाकलापद्वारा मूल्य अभिवृद्धि तथा बजार नियन्त्रण हुन सक्ने अवस्थालाई रोक्न र उपभोग्य वस्तुवा सेवाको उपयोगिता एवं प्रयोग सम्बन्धी झुट्टा तथा भ्रमात्मक प्रचार प्रसार हुन नदिई सुरक्षित तथा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण, निकासी, पैठारी र संञ्चय सम्बन्धी व्यवस्था गर्न तथा उपभोक्तालाई पर्ने मर्काको विरुद्ध उपचार दिलाउने निकायको स्थापना गरी उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्ने व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधान धारा २२६ र स्थानिय सरकार संचालन ऐन, ०७४ को दफा १०२ बमोजिम सूर्योदय नगरपालिकाको नगरसभाबाट यो ऐन पारित भई लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्र्रारम्भ:** (१) यस ऐनकोनाम "सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) "उपभोक्ता" भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ख) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको उपभोक्ता संरक्षण परिषद् सम्झनु पर्छ।

(ग) "क्षतिपूर्ति समिति" भन्नाले दफा २३ बमोजिम गठन भएको क्षतिपूर्ति समिति सम्झनु पर्छ।

(घ) "उपभोग्य वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरूको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(ङ) "नगरपालिका" भन्नाले सूर्योदय नयरपालिकालाई सम्झनु पर्छ।

(च) "प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(छ) "उप–प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उप–प्रमुखलाई सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ।

(झ) "निरीक्षण अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाबाट मनोनित यस ऐनको दफा १४ बमोजिम अधिकृत कर्मचारीलाई सम्झनु पर्छ।

(ञ) “सेवा” भन्नाले कुनै कामको निमित्त कुनै पनि किसिमको सेवा शुल्क वा प्रतिफल लिई प्रदान गरिएको श्रम, सुविधा वा परामर्श सम्झनु पर्छ ।

(ट) “उत्पादन” भन्नाले उपभोग्य वस्तु बनाउने, तयार गर्ने, प्रसोधन गर्ने, परिणतगर्ने, प्याकिङ्ग गर्ने, पुनः प्याकिङ्ग गर्ने, एसेम्बलिङ्ग गर्ने वा लेबल लगाउने प्रक्रिया वा सो सम्बन्धमा अपनाईने सम्पूर्ण वा कुनै प्रक्रिया सम्झनु पर्छ ।

(ठ) “लेबल” भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडामा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(ड) “अनुचित व्यापारिक क्रियाकलाप” भन्नाले कुनै पनि उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल ढाँचा वा बनावट आदि ढाँटी वा झुक्याई त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने, अन्यव्यक्तिले उत्पादन गरेको उपभोग्य वस्तुको गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदीमा असर पारी बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ ।

(ढ) “कमसल उपभोग्य वस्तु” भन्नाले देहायको कुनै अवस्थाको उपभोग्य वस्तुसम्झनु पर्छ :
(१) दफा ११ बमोजिम निर्धारित गरिएको गुणस्तरभन्दा कम्ती हुने गरी हुनपर्ने पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको सम्मिश्रण गरिएको,

(ण) “बिक्रेता” भन्नाले थोक वा खुद्रा रूपमा उपभोग्य वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, सरकारी वा गैर सरकारी संस्था वा सहकारी संस्था सम्झनु पर्छ ।

(त) “प्रयोगशाला” भन्नाले उपभोग्य वस्तुको शुद्धता, पूर्णता वा गुणस्तर परीक्षण गर्ने उद्देश्यले स्थापना भएको नेपाल सरकारबाट मान्यता प्राप्त निकाय सम्झनु पर्छ ।

(थ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(२) स्वास्थ्यलाई हानिकारक हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी अवस्थामा राखिएको वा तयार गरिएको वा कुनै रसायन, रङ वा बास्ना प्रयोग गरिएको,

(३) केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जारी गरिएको आदेशमा तोकिएको न्यूनतम आवश्यक गुणस्तरभन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको ।

३. **उपभोक्ता हित संरक्षण समितिको गठन:** (१) उपभोक्ताको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा उपभोक्ताको हक हितका सम्बन्धमा सूर्योदय नगरपालिकालाई सुझाब दिन साथै यस ऐन कमोजिमका अन्य काम कार्वाही गर्नको लागि एउटा उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन्ः–

(क नगर उप प्रमुख – अध्यक्ष

(ख) स्थानीय स्वास्थ्य संस्थाको प्रमुख – सदस्य

(ग) कृषि शाखा – सदस्य

(घ) प्रतिनिधी जिल्ला प्रशासन कार्यालय, – सदस्य

(ङ) स्थानीय उद्योग वाणिज्य संघले तोकेको प्रतिनिधी – सदस्य

(च) उपभोक्ताको हक हितसँग सम्बन्धीत गैरसरकारी संस्थाबाट नगर कार्यपालिकाले मनोनित तगरेको प्रतिनिधि तीनजना – सदस्य

(छ) उपभोक्ताको हक हितसँग सम्बन्धीत क्षेत्रमा कार्यरत महिलाहरू मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको महिला प्रतिनिधि दुईजना – सदस्य

(ज) स्थानीय संचारकर्मीहरुमध्येबाट १ जना–सदस्य

(झ) नगर प्रमुखले तोकेको कर्मचारी १ जना – सदस्य

(ञ) नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख वा निरीक्षण अधिकृत – सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन्|

(४) परिषद्का अध्यक्ष तथा सदस्यहरूले नगर कार्यपालिकाले तोकीदिए वमोजिम बमोजिमको बैठकभत्ता पाउनेछन् ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था र उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा नगर कार्यपालिकालाई सुझाव दिने ।

(ख) उपभोक्तालाई उपभोग्य वस्तु तथा सेवाको सम्बन्धमा सुरक्षित गराउन त्यस्ता वस्तु तथा सेवाको गुणस्तरका सम्बन्धमा जानकारी गराउन उपभोक्ताको हक हित सम्बन्धी सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।

(ग) उपभोक्तालाई उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता तथा अनुचित व्यापारिक क्रियाकलापका सम्बन्धमा सूचित गर्ने/गराउने ।

(घ) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्बन्धमा अनुसन्धान गर्ने÷गराउने ।

(ङ) उपभोक्ताको हक हित संरक्षण सम्बन्धमा भइरहेका नीती परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा नगर कार्यपालिकालाई सुझाबहरु प्रधान दिने ।

(च) उपभोक्ताको हक हित संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) उपभोक्ताका अधिकारहरूको अनुगमन गर्ने/गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न नगर कार्यपालिकालाई सुझाब दिने ।

(ज) नेपाल सरकारले तोकिदिए बमोजिमका काम गर्ने, गराउने ।

(झ) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समयर स्थानमा बस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढीसदस्यहरू उपस्थित भएमा पर ीषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमासदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **उपभोक्ताको अधिकारको संरक्षण तथा सम्वर्द्धनः** (१) उपभोक्ताको हक हित संरक्षण गर्ने प्रयोजनको निमित्त प्रत्येक उपभोक्तालाई देहायका अधिकारहरू प्राप्त हुनेछन्ः–

(क) जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुर्‍याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(ख) अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको निमित्त उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(ग) यथासम्भव प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाकोछनौट गर्न पाउने अवसरमा विश्वस्त हुने अधिकार,

(घ) उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाई हुन्छ भन्ने कुरामा विश्वस्त हुने अधिकार,

(ङ) अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा मर्काको विरुद्ध सुनुवाई र क्षतिपूर्ति पाउने अधिकार, र

(च) उपभोक्ता शिक्षाको अधिकार ।

(२) उपदफा (१) मा उल्लिखित उपभोक्ताको अधिकारको संरक्षण तथा सम्बद्र्धन गर्ने वातावरणको सृजना गर्नको निमित्त कार्यपालिकाले समितिलाई आवश्यक निर्देशन दिनेछ ।

७. **माग, आपूर्ति र मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुन े :** कसैले पनि कुनै व्यक्तिसँग मिली देहायका कुनै काम

गरी कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न हुदैन :–

(क) कुनै उपभोग्य वस्तुको लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गरी वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउन वा त्यस्तै अन्य कुनै काम गरी,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा सञ्चित गरी वा अन्य तवरले कृत्रिम अभाव सृजना गरी वा निर्धारित समय वा स्थानमा मात्र त्यस्तो वस्तु वा सेवा बिक्री वितरण गर्ने गरी वा त्यस्तै अन्य कुनै काम गरी ।

८. **उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्ने सम्बन्धी व्यवस्था:** (१)उपभोक्ताको हक हित संरक्षण गर्नको निमित्त उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाईव्यवस्थित, नियन्त्रित तथा

नियमित गर्न नगरपालिकाले देहाय बमोजिमको अधिकार प्रयोग गर्नेछ :–

(क) उपभोग्य वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति निर्माण गर्ने,

(ख) उपभोक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमका एकाधिकार तथा अनुचित व्यापारिक क्रियाकलापलाई अनुगमन, रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा कार्य योजना बनाई उक्त कार्य योजना कार्यान्वयन गर्ने,

(ग) देश भित्र खपत हुने उपभोग्य वस्तुको माग र आपूर्ति स्थितिकोविश्लेषण तथा समीक्षा गर्ने,

(घ) उपभोग्य वस्तुको उत्पादक, बिक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोग्य वस्तुको कृत्रिम वा अनुपयुक्त तवरले अभाव सृजना गर्ने किसिमका अनुचित व्यापारिक क्रियाकलापलाई निरुत्साहित गर्ने ।

(२) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोग्य वस्तुतथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थाहरूको प्रभावकारी ढंगबाटकार्यान्वयन गर्न नगरपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

९. **उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरू :** उत्पादकले उपभोग्य वस्तुको लेबलमा देहायका कुराहरू अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ : –

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर ।

(ख) खाद्य पदार्थ र औषधि जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुको मिश्रण, त्यसकोपरिमाण र तौल ।

(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तुमा सो वस्तुको गुणस्तर

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र सो वस्तु उपभोग गरेबाट हुन सक्नेप्रभाव ।

(ङ) मानव स्वास्थ्यलाई हानी पु¥याउन सक्ने पदार्थहरुको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग

(च) उपभोग्य वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिनेमिति ।

(छ) इलेक्ट्रोनिक, हार्डवयर तथा यान्त्रिक जस्ता उपभोग्य वस्तुमा सो वस्तुको ग्यारेण्टी, ग्यारेण्टी मिति तथा अन्य आवश्यक कुराहरू ।

(ज) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने उपभोग्य वस्तुमा सोवस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने कुराहरू।

(झ) तोकिए बमोजिमका अन्य कुराहरू।

१०. **उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने कामः** कसैले पनि कुनै उपभोग्यवस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न, गराउन हुँदैन :–

(क) कमसल उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न।

(ख) उपभोक्तालाई झुक्याउने गरी कुनै उपभोग्य वस्तुको नक्कल गर्न।

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा निम्नस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री वितरण गर्न।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा झुट्टा वा भ्रामात्मक प्रचार प्रसार वा विज्ञापन गर्ने किसिमले अनुचित व्यापारिक क्रियाकलाप गर्न।

(ङ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तु वा सेवाकोउत्पादन वा बिक्री वितरण गर्न।

(च) तोकिए बमोजिमका अन्य कामहरू गर्न।

११. **उपभोग्य वस्तु वा सेवाको गुणस्त निर्धारणः** (१) कुनै उपभोग्य वस्तु वा सेवामा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधि भित्रको हुनु पर्नेछ भन्ने कुराको निर्धारण भएको रहेछ भने नेपाल सरकारले त्यस्तो वस्तु वा सेवाको गुणस्तरको निर्धारण तोकिए बमोजिमको प्रक्रियापूरा गरी गर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोग्य वस्तु वा सेवाको गुणस्तर निर्धारण गरिएको कुराको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ।

१२. **मूल्य सूची राख्नु पर्ने :** बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक उपभोग्य वस्तुको थोक र खुद्रा मूल्य स्पष्ट रूपमा अंकित मूल्य सूची बिक्री स्थलमा सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

१३. **नगरपालिकाले जाँचबुझ र निरीक्षण गर्न सक्नेः** (१) कसैले उपभोक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमले अनुचित व्यापारिक क्रियाकलाप गरिरहेको एकाधिकार कायम गरी वा अन्य कुनै तरिकाद्वारा उपभोग्य वस्तु वा सेवाको मूल्य तथा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा कमसल उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गरिरहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कार्यबाही भइरहेकोछ भन्ने विश्वास हुने मनासिव कारण भएका नगरपालिकाले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट दोषी देखिएका उत्पादक, डिलर, एजेण्ट, बिक्रेता, व्यक्ति वा संस्थालाई प्रचलित कानुनबमोजिम आवश्यक कार्यवाहीको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

१४. **निरीक्षण अधिकृत तोक्न सक्ने :** (१) नगरपालिकाले प्रचलित कानुन वा यस ऐन वा तोकिएबमोजिमको बजार अनुगमन, अनुसन्धान तहकीकात लगायतको काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रुपमा नियुक्त गर्न वा खटाउन सक्नेछ ।

(२) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१५. **निरीक्षण अधिकृतको काम कर्तव्य र अधिकार :** (१) निरीक्षण अधिकृतको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) उपभोग्य बस्तुको उत्पादन, विक्री/ वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाँउमा प्रवेश गर्ने

ख) उपभोग्य वस्तुको उत्पादन विक्री/ वितरण वा सेवा प्रदान गर्ने व्यक्तिसंग आवश्यक विवरण वा जानकारी लिने ।

ग) उपभोग्य वस्तुको उत्पादन विक्री/ वितरण वा सेवा प्रदान गर्ने व्यक्तिसंग वा सोसंग सम्बन्धीत अन्य व्यक्तिसंग आवश्यक बयान लिने ।

घ) कुनै उपभोग्य बस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने ।

ङ) कुनै उपभोग्य बस्तु वा सेवाको तत्काल उत्पादन) विक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने ।

च) कुनै उपभोग्य बस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता बस्तुको विक्री वितरणमा रोक लगाउने ।

छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश उपयुक्त देखिएमा सो आदेश दिने ।

ज) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादनस्थल, गोदाम र पसलको खानतलासी गर्ने ।

झ) तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

१६. **निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि:** निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि प्रचलित कानुन बमोजिम वा तोकिएबमोजिम हुनेछ ।

१७. **कसुर र जरिवाना सम्बन्धी व्यवस्था:** (१) कसैले देहायको कामकार्यवाही गरे/गराएमा यस ऐनअन्तर्गतको कुसुर गरेको मानिनेछ

क) यस ऐन बमोजिम दर्ता अनुमति नलिई कारोबार सञ्चालन गरे/ गराएमा ।

ख) नवीकरण नगरी कारोबार सञ्चालन गरे/ गराएमा ।

ग) गुणस्तर वा मापदण्ड पुरा नगरी कारोबार सञ्चालन गरे/ गराएमा।

घ) अनुचित व्यापारिक क्रियाकलाप गरे/ गराएमा।

ङ) तोकिएभन्दा बढी बजार मूल्य कायम गरी विक्री वितरण गरे /गराएमा।

च) कसैले पनि कृतिम अभावको सिर्जना, कृत्रिम मूल्य वृद्धि र नाफाखोरी जस्ता कार्य गरे/ गराएमा।

छ) नगरपालिका क्षेत्रभित्र बस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा बस्तुको बिक्री वितरण गरे गराएमा।

ज) सेवा प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा बस्तुको बिक्री वितरण गरे/ गराएमा।

झ) सेवा प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा।

ञ) तोकिएको अधिकतम मूल्य भन्दा बढी हुने गरी बस्तु वा सेवा बिक्री गर्न गरे / गराएमा।

ट) गुणस्तरहीन बस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गरे / गराएमा।

(२) कसैले दफा १७(१)बमोजिम कसुर गरे गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ।

क) खण्ड "क", "ग" र "ङ" बमोजिम कसुर गर्ने वा गराउनेलाई १ हजार रुपैँया देखि २५ हजार रुपैँयासम्म।

ख) खण्ड "ख", "छ", "ज" र "झ" बमोजिम कसुर गर्ने वा गराउनेलाई १ हजार रुपैँया देखि २५ हजार रुपैँयासम्म।

ग) खण्ड "घ", "च", "ञ" र "ट" बमोजिम कसुर गर्ने वा गराउनेलाई १५ हजार रुपैँया देखि २ लाख रुपैँयासम्म।

(३) निपरीक्षण अधिकृतले यस दफा बमोजिम जरिवाना गर्नुपर्ने कारण र जरिवाना गरेको रकम लगायतको सम्पूर्ण विवरण खुलाई ३ दिनभित्र समितिलाई जानकारी गराउनु पर्ने छ।

(४) उपदफा (२) बमोजिम जरिवाना गर्ने गरी निर्णय भएको मितिले ७ दिनभित्र सो जरिवाना नतिर्ने / नबुझाउने प्रदायक विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछ।

क) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो बस्तु वा सेवाको शिलबन्दी गरी राख्ने।

ख) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो बस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य बस्तु समेत रोक्का राख्ने।

(५) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिनभित्र जिल्ला अदालतसमक्ष पुनरावेदन गर्न सक्ने।

(६) अन्य दफाहरूमा जेसुकै कुरा लेखिए पनि यस ऐन बमोजिम बजार अनुगमनका क्रममा गम्भिर प्रक्रितिको कसुरमा बाहेक कम जरिवाना हुन सक्ने सामान्य प्रक्रितिका कसुरमा कसुरदारले कसुर स्वीकार गरी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति, बजार

अनुगमन समिति वा निरीक्षण अधिकृतले एउटा प्रदायकलाई फरक-फरक प्रक्रितिको कसुरमा गरी बढीमा २ पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कार्यवाही स्थगन गर्न सकिनेछ।

१८. **सजाय सम्बन्धी अन्य व्यवस्थाः** (१) माथि उल्लिखित जरिवाना सम्बन्धी व्यवस्था बाहेकको कसुरमा प्रचलित नेपाल कानुन बमोजिम सजाय हुनेछ।

(२) यस ऐन बमोजिम गरिएको जरिवानाले प्रचलित कानुन बमोजिम सजाय गर्न बाधा पुर्याएको मानिने छैन।

१९. **निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने:** (१) कुनै ठाउँमा सुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वसतुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कामकार्यवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा निरीक्षण अधिकृतले त्यस्तो ठाउँमा निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा सुरक्षित, असर युक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वासेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कार्यवाही भईरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तुको तोकिए बमोजिम नमूना लिई तोकिएको अवधिको लागि यस्तो उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउनेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कार्यवाही सम्बन्धी प्रतिवेदन तीन दिनभित्र नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(४) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(५) निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तथा निरीक्षण अधिकृतलेदिएको प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **उपभोय वस्तुको परीक्षणः** निरीक्षण अधिकृतले दफा १५ बमोजिम लिएको उपभोग्य वस्तुको नमूना परीक्षणको लागि तोकिएको अवधिभित्र प्रयोगशालामा पठाउनु पर्नेछ।

२१. **कमसल उपभोग्य वस्तु जफत हुने:** दफा १६ बमोजिम परीक्षणको लागि पठाइएको उपभोग्य वस्तुको नमूना प्रयोगशालामा परीक्षण हुँदा कमसल उपभोग्य वस्तु ठहरिएमा सम्बन्धीत उपभोग्य वस्तुहरू जफत गरिनेछ।

२२. **कार्वाहीको लागि सिफारिस गर्ने:** उपभोक्ता संरक्षण समिति वा निरिक्षण अधिकृतवाट अनुगमन, निरिक्षण, जाँचबुझ वा खानतलासी गर्दा माथि उल्लिखित दफा ७,९ र दफा १० कसुर गरेको पाइएमा प्रचलित कानुन बमोजिम सप्रमाण सहित सम्बन्धीत निकायमा कार्वाहीको लागि सिफारिस गरिनेछ।

२३. **नेपाल सरकार वादी हुने :** यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।

२४. **क्षतिपूर्तिको दाबी गर्न सक्ने:** यस ऐनको विपरीत हुने गरी उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ताको तर्फबाट कुनै उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँभनी न्यायीक समिति समक्ष त्यसरी हानी नोक्सानी पुगेको पैतिस दिनभित्र उजुरी गर्न सक्नेछ।

२५. **क्षतिपूर्ति दिलाउने:** दफा २४ बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी उपभोक्तालाई हानी नोक्सानी पुग्न गएको ठहर गरेमा हानी नोक्सानीको आधारमा क्षतिपूर्ति बापतको रकम उपभोक्ता वा निजको हकवालालाई दिलाउनेछ।

२६. **पुनरावेदन:** दफा २५ बमोजिमे गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धीत पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२७. **प्रचलित कानुन बमोजिम मुद्दा चलाउन सकिने:** यस ऐन बमोजिम कसुर ठहरिने काम कार्यवाही अन्य प्रचलित कानुन अन्तर्गत पनि कसुर ठहरिने रहेछ भने उक्त प्रचलित कानुन बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुर्‍याएको मानिने छैन।

२८. **उपसमिति गठन गर्न सक्ने:** (१) यस ऐनको उद्देश्य पूर्तिको लागि नगरपालिकाले वा समितिले आवश्यक उपसमितिहरू गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उप-समितिहरूको काम, कर्तव्य, अधिकार र कार्यविधि नगर कार्यपालिकाले वा समितिले तोकिदिए बमोजिम हुनेछ।

२९. **अधिकार प्रत्यायोजन:** नगर कार्यपालिका वा समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकताअनुसार केही अधिकार दफा २८ बमोजिम गठित उपसमिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३०. **नियम बनाउन सक्ने:** यस ऐनको उद्देश्य पूर्तिको लागि नगरपालिकालेआवश्यक नियमहरू बनाउन सक्नेछ।

३१. **संसोधन :** यस ऐनमा भएको व्यवस्था समय सापेक्षा संसोधन गर्न सक्ने छ।

३२. **बचाऊ तथा खारेजी :** (१) नगरपालिकाको तर्फवाट उपभोक्ता हक हित र अधिकारको संरक्षणको सम्बन्धमा यस अघि भए गरेको सम्पूर्ण काम कार्वाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

(२) यस ऐनमा भएको कुनै पनि व्यवस्था नेपालको संविधान तथा अन्य संघ तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदर भागी हुनेछ।

**२५. अधिकार प्रत्यायोजनः** नगर कार्यपालिका वा समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार दफा २७ बमोजिम गठित उपसमिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ ।

**२६.नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य पूर्तिको लागि नगरपालिकालेआवश्यक नियमहरू बनाउन सक्नेछ।

**२७. संसोधन :**–यस ऐनमा भएको व्यवस्था समय सापेक्षा संसोधन गर्न सक्ने छ ।

**२८. बचाऊ तथा खारेजी :**–१) नगरपालिकाको तर्फवाट उपभोक्ता हक हित र अधिकारको संरक्षणको सम्बन्धमा यस अघि भए गरेको सम्पूर्ण काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।(२) यस ऐनमा भएको कुनै पनि व्यवस्था नेपालको संविधान तथा अन्य संघ तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदर भागी हुनेछ ।

# सूर्योदय नगरपालिकाको स्थानीय सडक व्यवस्थापन, संचालन तथा नियमन सम्बन्धी ऐन–२०७८

**प्रस्तावना :**–सर्वसाधरण जनताको यातायातमा सहज सुविधा तथा कृषि उत्पादित बस्तुहरुको नगद-प्रभावी रुपमा ढुवानी गर्न, नगरस्तरीय सडकहरुको वर्गीकरण गरी तिनीहरुको निर्माण, संभार, विस्तार, सुधार र सडक क्षेत्रको व्यवस्था, संरक्षण, दिगो प्रयोग गर्नका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्राम्भ :**(१) यस ऐनको नाम "सुर्योदय नगरपालिकाको स्थानीय सडक व्यवस्थापन संचालन र नियमन सम्बन्धी ऐन २०७८" हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "प्रमुख" भन्नाले सुर्योदय नयरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

ख) "उपप्रमुख" भन्नाले सुर्योदय नयरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

ग) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको सुर्योदय नगरपालिकालाई सम्झनु पर्छ।

घ) "कार्यापालिका" भन्नाले नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

ङ) "सभा" भन्नाले यस सुर्योदय नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

च) "तोकिएको" वा "तोकिए बमाजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

छ)"उपभोक्ता संस्था" भन्नाले पूर्वाभार सडक सेवावाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्छ।

ज) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने विकास निमार्ण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ।

झ)"स्थानीय सडक" भन्नाले सूर्योदय नगरपालिका भित्र रहेको शहरी सडक, ग्रामिण सडक, बाह्रमासे सडक, हेलिप्याड, पर्यटकीय पदमार्ग, झोलुङ्गे पुल, मोटेरेबल पुल, आकाशे पुल, पैदल पुल, कल्बर्ट, केवलकार आदि पर्दछन्।

## परिच्छेद–२

### स्थानीय यातायात

**३. नगर स्तरीय यातायात गुरुयोजना:**(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र यातायात व्यवस्थापनको लागि नगर स्तरीय यातायात गुरुयोजना वा एकिकृत नगर यातायात विकास योजना तयार गर्नेछ।

**४. स्थानीय सडकहरुको बर्गीकरण :**(१) स्थानीय सडकहरुको वर्गीकरण निम्नानुसार हुनेछ।

१) अन्तरपालिका सडक

२) अन्तर वडा सडक

३) बाह्र मासे सडक

४) पर्यटकीय सडक (पर्यटकीय मार्ग)

५) अन्य सहायक सडक

६) कृषि सडक

**५. भौतिक संरचना निर्माण गर्न निषेध गर्न सकिने:**(१) स्थानीय सडकको सीमा तोकिएकोमा सडकको सीमाको र सडक सीमा नतोकिएकोमा नगरपालिकाको अनुमति विना कुनै पनि किसिमको भौतिक संरचना कसैले पनि निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ। (२) पर्यटकको निम्ति पदमार्गको रुपमा कम्तिमा पाँच वर्ष पहिले देखि प्रयोग हुदै आएका र सार्वजनिक खर्चमा निर्माण भई प्रयोग हुँदै आएको पर्यटन पदमार्ग, साइकल रुट, जस्ले स्थानीय सडकलाई अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

**६. स्थानीय सडकको आवगमनमा बाधा पुऱ्याउन नहुने:** (१) स्थानीय सडकमा गोलिया, सागसब्जी, निर्माण सामाग्रीका कुनै पनि वस्तु छोडेको, राखेको वा फालेको कारणले सडक आवगमनलाई कुनै किसिमको बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निम्ति अवधि तोकि सरोकारवाला व्यक्ति/संस्थालाई नगरपालिकाले सूचना जारी गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिम जारी भएको सूचनाको अवधि भित्र नहटाएको वा सरोकारवाला व्यक्ति/संस्था पत्ता नलागेको वस्तु/माललाई नगरपालिकाले कब्जामा लिन र लिलाम विक्रि गर्न सक्नेछ। तर तोकिएको म्याद भित्र त्यस्तो सूचनामा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्ति/संस्थाले कारण समेत खोली नगरपालिकाको सम्बन्धित शाखामा निवेदन दिन सक्नेछ। त्यस्तोमा नगरपालिकाले एक पटक सम्म आवश्यक देखिए जति म्याद बढाई दिन सक्नेछ।

**७. स्वीकृत नलिई स्थानीय सडक वा सडक सिमामा कुनै किसिमको काम गर्न नहुने:** (१) नगरपालिकाको स्वीकृत प्राप्त नगरी कसैले स्थानीय सडक सँग जोडिने गरी प्रवेश मार्ग बनाउन, घडेरी खार्न, कुलो खन्न वा भत्काउन, किला, तगारो आदि गाड्न, घर वा छाप्रो बनाउन सडकको वालमा विज्ञापन राख्न वा यस्तै अन्य कुनै कार्य गर्न हुँदैन।

(२) कसैले व्यक्ति/संस्थाले नगरपालिकाको स्वीकृत प्राप्त नगरी उपदफा (१) अनुसार कार्य गरेमा, त्यस्तो कार्य हटाउन भत्काउन र पूर्वव्यवस्था पुऱ्याउन नगरले सूचना जारी गर्नेछ।

(३) सम्बन्धित व्यक्ति/संस्थाले(२) बमोजिम जारी भएको सूचना पालना नगरेमा, नगरपालिका आफै त्यस्तो कार्य गरी सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्ति/संस्थाबाट नगरपालिकाले असुल उपर गरी लिन सक्नेछ।

**८. धरौटी वा दस्तुर लिने अधिकार:** (१) स्थानीय सडक वा सडक सीमा खन्न ,भत्काउन परेमा नगरपालिकाको स्वीकृत लिनु पर्नेछ। त्यसरी स्वीकृत माग गरेमा खनिने र भत्काउने स्थानीय सडक वा सडक सीमालाई मर्मत गरी पूर्वव्यवस्था कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई नगरले स्वीकृत प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार स्वीकृत प्रदान गर्दा नगरपालिकाले राखेको सर्तहरु पालन गर्ने कबुलियत गराउनु आवश्यक देखेमा सो समेत मर्मत गराई लिन सक्ने छ।

**९. स्थानीय सडकमा वजन तथा उचाईको हद निर्धारण र त्यसको रेखदेख:** (१) बाह्रमासे स्थानीय सडक (All Weather Road) को सन्दर्भमा अधिकतम ८ टन र उचाई २.८मि. भन्दा बढी र स्थानीय कालोपत्रे सडक (Black Topped Road) मा अधिकतम १६ टन र उचाई ३.२मि. भन्दा बढी भएको सवारी साधन प्रवेश गर्न नपाउने गरी निषेध गर्न सकिनेछ।

(२) उपदफा (१) अनुसार निषेध गरेको निम्ति स्थानीय बाह्रमासे सडक र स्थानीय कालोपत्रे सडकमा ढाट निर्माण गरी त्यसको रेखदेख सम्बन्धित टोल विकास संस्थालाई जिम्मेवारी दिन सकिनेछ।

(३) उपदफा (१) बमोजिम विपरीत बढी वजनको सवारी चलाएमा रु. २ हजार सम्म जरिवाना हुनेछ।

**१०. स्थानीय सडकको दायाँ बाँया बृक्षरोपण र त्यसको रेखदेख:** (१) नगरपालिका वन उपभोक्ता समिति, संघ, संस्था र टोल विकास संस्थाले स्थानीय सडकको दाँया बाँया बृक्षरोपण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बृक्षरोपणको रेखदेख र संरक्षण सम्बन्धित वडा कार्यालयको हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाएको रुखको काँट-छाँट गर्ने र त्यसतो रुखले आवगमनमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने जिम्मा नगरपालिकाको हुनेछ।

**११.सडकहरुको लगतकट्टा:** १) नगरपालिका क्षेत्रभित्र रहेका सबै सडकहरुको लगतकट्टा गरि नगरको स्वामित्वमा ल्याइनेछ।

**१२. बाह्रमासे सडक:** नगरपालिकाले प्रत्येक वडामा रहेको एउटा मुख्य सडकलाई बाह्रै महिना संचालन हुने।सडकको विकास गरी सबै वडामा यातायातको उचीत बन्दोवस्त मिलाउन बाह्रमासे सडक निमार्ण गर्नेछ। यसरी निमार्ण हुँदै गरेको बाह्रमासे सडकको आफ्नो लक्ष्य पुरा नभई सडकको एलाइनमेन परिवर्तन गर्न पाइने छैन।

**१३.**यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि संघीय स्तर तथा प्रादेशिक स्तरका सडकहरु तत् तत् निकायले मापदण्ड तोके अनुसार हुनेछन्।

**परिच्छेद–३**

**मर्मत सम्भार कोष**

**१४. पूर्वाधार मर्मत संभार कोष:**(१) स्थानीय सडक पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार नगरपालिकाको प्रचलित कानुन अनुसार हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी इत्यादिवाट प्राप्त रोयल्टि रकम तोकिए बमोजिमको दाखिला गरिनेछ।

(३) कोष संचालन र संचालन समिति: पूर्वाधार संरचनाहरुको मर्मत तथा पुनस्थापनाको लागि नगर स्तरमा मर्मत संभार कोष स्थापना गरिनेछ र सो कोष संचालन तोकिए बमोजिम हुनेछ।

**परिच्छेद–४**

**सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निमार्ण तथा सञ्चालन**

**१५. सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने:**यस ऐन बमोजिम कुनै व्यक्ति, निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग नगरपालिकाले सडक निमार्ण, सञ्चालन तथा व्यवस्थापनमा साझेदारी गर्न सक्नेछ। नगरपालिकाले सावजनिक निजी साझेदारीमा पूर्वाधारको कार्य गर्दा तोकिएको प्रकृया अनुसार हुनेछ।

**परिच्छेद–५**

**विविध**

**१६. पूर्वाधार विकास :**नगरपालिकाले संघ र प्रदेश सरकार सँगको सहकार्य र साझेदारीमा पूर्वाधार विकासका विभिन्न आयोजनाहरु संचालन गर्न सक्ने छ।

**१७. अन्तर स्थानीय तह समन्वय:** नगरपालिकासँग जोडिने एक भन्दा बढी स्थानीय तह समेट्ने वा सरोकार राख्ने पूर्वाधार सडक निर्माण तथा मर्मत कार्यको लागि नगरपालिकाबाट अनुमोदन गराइ गर्नुपर्ने छ।

**१८.प्रचलित कानुन बमोजिम हुने:**यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१९. नियम बनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्ने कार्यपालिकाले आवश्यक नियम निर्देशिका वा कार्यविधि बनाउन सक्ने छ।

**२०. संशोधन:**यस ऐनमा भएका व्यवस्था समय सापेक्ष संशोधन गरिनेछ।

**२१. खारेजी तथा बचाऊ:**(१) यस ऐनमा भएको व्यवस्था नेपालको संविधान प्रचलित संघ तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदरभागी हुनेछ।२) यस अघि नगरपालिकाद्वारा भए गरेको सम्पूर्ण काम कार्यवाही यसै ऐन बमोजिम भएको मानिने छ।

**आज्ञाले**
**प्रकाशराज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**